नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बारा, कलैया

फोन नं. : ०५३५५०१३३
फ्याक्स नं. : ५५००००
इमेल नं . : daobara33700@gmail.com

पत्र संख्याः-०७८/७९
च .नं.:- 3653

मितिः- २०७८/०५/२७

विषय :- सूचना प्रचार प्रसार सम्बन्धमा ।

श्री स्थानीय तह सबै, बारा
श्री जिल्ला प्रहरी कार्यालय, बारा
श्री सशस्त्र प्रहरी बल नेपाल नं. १२ गण, बारा
श्री पत्राकार माहासंघ, बारा

प्रस्तुत विषयमा मिति २०७८।०५।२७ गते प्रमुख जिल्ला अधिकारीबाट जारी भएको सूचना जिल्ला भरी प्रचार प्रसारको लागी यसै साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बारा, कलैया

फोन नं. : ०५३५५०१३३
फ्याक्स नं. : ५५००००
इमेल नं . : daobara33700@gmail.com

पत्र संख्या:-०७८/७९
च .नं.:-

मितिः- २०७८/०५/२७

## सुचना! सुचना!! सुचना!!!

यस जिल्लाका विभिन्न भागमा हुने धार्मिक, सामाजिक, राजनीतिक लगायतका कार्यक्रमहरुमा डिजे साउण्ड सिस्टम प्रयोग गरी चर्को स्वरमा संचालन गरिदा ध्वनी प्रदुषण, विधार्थीहरुको अध्ययनमा समस्या, स्वास्थ्य समस्या, शान्ति सुरक्षा र सामाजिक सदभावमा प्रतिकुल प्रभाव पारी विभिन्न दुर्घटनाहरु समेत भएको तथ्यलाई दृष्टिगत गरी जिल्ला सुरक्षा समितिको बैठकबाट बारा जिल्ला भित्र डिजे साउण्ड सिस्टम प्रयोगमा प्रतिबन्ध लागउन सिफारीस समेत गरेकोले जिल्ला भित्र डिजे साउड सिस्टम राख्दा शान्ति सुरक्षा भंग हुने , समुदायलाई बाधा विरोध र जनस्वास्थ्यलाई खराब असर पर्ने भएकोले मिति २०७७०६।०१ गते देखी अर्को सूचना नभए सम्मको लागी जिल्लाका कुनै पनि स्थानमा डिजे साउण्ड सिस्टमका कुनै पनि स्पीकर संचालन गर्न नपाउने गरी स्थानीय प्रशासन ऐन २०२८ बमोजीम आदेश जारी गरीएको र प्रस्तुत आदेश बर्खिलाप हुने गरी कार्य भएको पाईएमा प्रचलित कानुन बमोजीम कारवाही गरिने व्यहोराको निषेध आदेश जारी गरीएको व्यहोरा बारावासी आम सर्वसाधारणलाई जानकारी गराउदै डि.जे. का अलावा लाउड स्पीकर, साउण्ड सिस्टम, माईक लगायतका ध्वनी यन्त्रहरु चर्को स्वरमा बजाउँदा बालबालिका, जेष्ठ नागरीक, बिरामी, अध्ययन अध्यापनमा संलग्न व्ययक्तिहरुलाई नकरात्मक असर पर्ने कुरालाई दृष्टिगत गरी चर्को स्वरमा नबजाउन र प्रत्येक दिनको राती १० बजे देखी भोलि पल्ट विहान ४:०० बजे सम्म त्यस्ता सामग्री प्रयोग नगर्न हार्दिक आग्रह गर्दछौ । प्रस्तुत व्यवस्था आम सर्वसाधारणको हितमा रहेको हुँदा सरोकारवाला सबैको सहयोग रहने आपेक्षा गर्दछौ ।

सुरेन्द्र पौडेल
(प्रमुख जिल्ला अधिकारी )